**बैठकमा पेश भएका प्रस्तावहरु:**

१. जग्गा प्लानिङ्ग सम्बन्धमा

२. समिति गठन सम्बन्धमा ।

**बैठकबाट भएका निर्णयहरु :**

निर्णय नं. १. शंखरापुर नगरपालिका भित्र प्लट जग्गा विकास योजना सञ्चालन गर्ने गरि काठमाण्डौं उपत्यका विकास प्राधिकरण सँग स्वीकृति लिएर वा स्वीकृति नलिई जग्गा प्लानिङ्ग गरेका २०२१ सालमा नापीमा कायम भएका खोला, खोल्सी कुलो,सार्वजनिक,सरकारी जग्गा पुर्ने कार्य गरेको देखिन आएको हुदा आवश्यकता अनुसार खोल्ने कार्य गरि अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २. शंखरापुर नगरपालिकाको साविक पुखुलाछी ६क र ७ क को कि.त्ता नं. ४४,८०,२८२,७०५,७०६ र ७१९ जम्मा क्षे.फ.१७ रोपनी १२ आना जग्गामा ४६ वटा प्लटको जग्गा विकास योजना सञ्चालन गर्ने गरि पुखुलाछी ६ क र पुखुलाछी ७ क को कित्ताहरुको बिचमा खोला रहेको स्थानमा ह्युम पाईप राखि बाटो निर्माण गरिएको हुदा सो खोलाको ह्युम पाईप सम्बन्धित व्यक्तिहरुलाई आगामी श्रावण १५ गते आइतबार सम्म खोल्नको लागि पत्राचार गर्ने र आइतबार सम्म खोल्न आनाकानी गरेमा सोको भोलि पल्ट १६ गते सोमबार नगरपालिकाबाट ह्युम पाईप निकाली सो निकाल्न लाग्ने खर्च सम्बन्धित व्यक्तिबाटै असुल गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. यस नगरपालिका अन्तर्गत विभिन्न समितिको आवश्यक परेको हुँदा निम्न समितीहरुमा निम्न व्यक्तिहरु रहने गरि समिती गठन गर्ने निर्णय गरियो ।

**१.नगरपालिका भवनको जग्गा छनौट समिति**

क) संयोजक: हितमान तामाङ्ग

ख) सदस्य: ज्ञानु श्रेष्ठ

ग) सदस्य: निरज के.सी.

घ) सदस्य: शंकर मल्ल ठकुरी

ङ.)सदस्य: प्रेम प्रकाश डंगोल

**२. वसपार्क निर्माणको जग्गा छनौट समिती**

क) संयोजक: विष्णु प्रसाद श्रेष्ठ

ख)सदस्य: एलपी श्रेष्ठ

ग) सदस्य: रमेश नापित

घ) सदस्य: गोविन्द श्रेष्ठ

ङ.) सदस्य: सूर्यमान तामाङ्ग

**३.नगर अस्पतालको जग्गा छनौट समिती**

क) संयोजक: राधा कृष्ण श्रेष्ठ

ख) सदस्य: देव कृष्ण के.सी.

ग) सदस्य: जिवन श्रेष्ठ

घ) सदस्य: तुलजा लामा

ङ.) शंकर मान श्रेष्ठ

**<u>४. सार्वजनिक जग्गाको तथ्याङ्क संकलन एंव संरक्षण समिती</u>**

क) संयोजकः सन्त वहादुर वाइवा

ख) सदस्यः जिवन लामा

ग) सदस्यः श्याममणी ढुङ्गाना

घ) राम शरण ढुङ्गाना

ङ.) राम कुमार तिवारी

**५. नगर खेलकुद निर्माण जग्गा छनौट समिती**

क) संयोजकः घन श्याम थापा

ख) शेर गम्भिर थापा

ग) वुद्धि वहादुर तामाङ्ग

घ) श्याम वाइवा

ङ) राधा कृष्ण थापा

निर्णय नं. ४. सार्वजनिक जग्गाको तथ्याङक संकलन एंव संरक्षण समिती लाई २ महिना र अन्य समितीहरुलाई ४५ दिन प्रतिवेदन वुझाउने समय दिने निर्णय गरियो ।